# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्याः- ३

नगर कार्यपालिकाको कार्यालय
चैनपुर, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

मितिः- २०८२।०५।५ गते बिहीबार

बैठक प्रारम्भः- विहान ७:३० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तेस्रो बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं.वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं.वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्या:- ३

मिति:- २०८२।०५।५ गते बिहीबार | बैठक प्रारम्भ:- विहान ७:३० बजे

<u>प्रस्तावहरु</u>

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. पोखरी मैदाने प्याङकोट तल्लो सडक निर्माण ठेक्का सम्वन्धमा ।

३. नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

४. जग्गा उपयोगका लागि सिफारिस सम्बन्धमा ।

५. विविध

   क. कार्यालयको खाता संचालन सम्बन्धमा ।

   ख. उपभोक्ता समिति गठन सम्बन्धमा ।

   ग. पार्किङ्ग स्थल व्यवस्थापन सम्बन्धमा ।

   घ. विज्ञापन कर ठेक्का सम्वन्धमा ।

   ङ. एम्बुलेन्स लागत कट्टा गर्ने प्रतिनिधि तोक्ने सम्बन्धमा ।

   च. जग्गा वर्गीकरण छुट सम्बन्धमा ।

   छ. चैनपुर-४ र ७ मा वर्षाको कारण अवरुद्ध सडक मर्मत रकम भुक्तानी सम्बन्धमा ।

   ज. विद्यालय गाभ्ने सम्बन्धमा ।

   झ. जात्रा कार्यक्रमको सहयोग सम्बन्धमा ।

   ञ. आर्थिक सहायता सम्बन्धमा ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



दृष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्या:- ३

मितिः- २०८२।०५।५ गते बिहीबार

बैठक प्रारम्भः- विहान ७:३० बजे

**निर्णयहरु**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२ श्रावण १८ गते बसेको दोस्रो कार्यपालिका बैठकको समिक्षा गर्दा प्रस्ताव नं. २, ३ र ४ कार्यान्वयनमा गएको र प्रस्ताव नं. ५ र ६ कार्यान्वयनको चरणमा रहेको व्यहोरा कार्यपालिका बैठकमा अवगत गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिकाबाट आ व २०८१।०८२ का लागि पोखरी - मैदाने प्याङकोट सडकका लागि आ.व. २०८२।०८३ मा सम्पन्न गर्ने गरि ठेक्का आह्वान भई प्रदेश समपूरक तथा नगरपालिका स्रोतबाट निर्माणधीन रहेको सो योजना सम्पन्न गर्न यस आ.व. मा (प्रदेश समपूरक तथा नगरपालिका स्रोतबाट) व्यवस्थापन भएको भएता पनि प्रदेश समपूरक अनुदान वापत प्राप्त रकमको नगरपालिकाबाट आवश्यक साझेदारी गरि नयाँ ठेक्का व्यवस्थापन गर्नुपर्ने भन्ने जानकारी प्राप्त हुन आएको हुँदा आ.व. २०८१।०८२ मा ठेक्का आव्हान भएको पोखरी - मैदाने प्याङकोट सडक खण्डका लागि निर्माण सम्पन्न गर्न लाग्ने रकम रु.९७,००,०००। नगरपालिकाले बजेट व्यवस्थापन गर्नपर्ने देखिएको हुँदा उक्त रकम नगरपालिकाले नगरको जुनसुकै स्रोतबाट बजेट व्यवस्थापन गरि भुक्तानी दिने र निर्माण सम्पन्न गराउने साथै २०८२।०८३ का लागि पोखरी मैदाने सडक खण्डको बतासे चर्चमुनीबाट अगाडीका लागि रु.२,१७,००,०००। (प्रदेश समपूरक रु.१,३०,००,०००। र नगरपालिका तर्फको रु.८७,००,०००।) यसै वर्ष भित्र सम्पन्न गराउने गरि ठेक्काका लागि वोलपत्र आव्हान गर्ने निर्णय गरियो

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्र अन्तर्गत भएर बग्ने अरुण नदी,सभाखोला, हेवाखोला तथा पिलुवा खोलाको नदीजन्य पदार्थ संकलन तथा विक्रीका लागि आ.व. २०८१।०८२ मा उक्त नदीहरुको सम्पन्न भएको आई.ई.ई प्रतिवेदनले दिएको उत्खनन् तथा संकलन परिमाणको आधारमा कोशी प्रदेश आर्थिक ऐन,२०८२ मा उल्लेखित संकलन गर्ने दररेटको आधारमा सभाखोला (दाह्रेगैडा तथा त्रिवेणी) को लागि रु.६,३५,६७० हेवाखोला र पिलुवा खोला (दोभाने,पिलुवा)को लागि रु.५,७२,१०३ अरुण नदी (दमकट्टा,खहरे) को लागि रु.१०,५९,४५०। हुने गरि सिलबन्दी दरभाउ पत्र माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं.-३ मा रहेको खड्गबहादुर रानामगरले कि.नं. ९३२ को २९० वर्ग मिटर आंशिक जग्गा र श्री सुदन कुमार खत्रीको कि.नं.९३० को ७५ वर्गमिटर आंशिक जग्गा चैनपुर नगरपालिका वडा नं. ३ सिद्धपोखरी प्रहरी चौकीको कार्यालय निर्माणका लागि निशुल्क जग्गा प्राप्त गर्न सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२ को दफा २५ को उपदफा (२) बमोजिम सम्पुर्ण आवश्यक कागजात सहित नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने तथा आवश्यक प्रकिया अगाडी बढाईदिन अनुरोध गर्ने निर्णय गरियो

**निर्णय नं. ५.** विविध



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८२/०८३ को का.पा. बैठक संख्याः- ३

मितिः- २०८२।०५।५ गते बिहीबार बैठक प्रारम्भः- विहान ७:३० बजे

क. प्रस्तुत सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्ष २०८२।०८३ को लागि चैनपुर नगरपालिकाको आर्थिक कारोबार संचालन गर्न तोकिए बमोजिमका खाताहरु प्रमुख प्रशासकिय अधिकृत तथा अधिकृत छैटौ लेखा को संयुक्त दस्तखतबाट खाता संचालन गर्न कोष तथा लेखा नियन्त्रत्र कार्यालय खाँदबारी तथा राष्ट्रिय वाणिज्य बैंक चैनपुरलाई सिफारिस गर्ने निर्णय गरियो ।

ख. प्रस्तुत विषयमा आर्थिक वर्ष २०८२।०८३ को लागि नगरपालिकाबाट पारित योजना तथा कार्यक्रमहरुमध्ये उपभोक्ता समितिबाट सम्पन्न गर्नुपर्ने योजनाहरुको लागि सबै वडाहरुले मिति २०८२ असोज मसान्त भित्र उपभोक्ता समिति गठन गरि सक्ने निर्णय गरियो ।

ग. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा चैनपुर नगरपालिकाको जिरो प्वाइन्ट स्थित करुवा पार्कमा क्षेत्रमा सवारी पार्किङ्ग गर्दा शहरको सौन्दयमा समेत ह्रास आएको हुँदा उक्त साधनहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले करुवा पार्कमा क्षेत्रमा गरिने सवारी पार्किङ्गलाई चैनपुर बसपार्कमा पार्किङ्ग सार्न सार्वजनिक सूचना प्रकाशन गरि प्रक्रिया अगाडी बढाउने साथै जिरो प्वाइन्टको चौतारामा राखिने पसलहरुलाई कृषि स्टलमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

घ. प्रस्तुत विषयमा छलफल गर्दा यस नगरपालिकाले आ.व. २०८२।०८३ मा स्वीकृत विज्ञापन कर बमोजिम न्यूनतम रु७५,०००। (पचहत्तर हजार) ले तीन वर्षको लागि ठेक्का आव्हान गर्ने निर्णय गरियो

ङ. प्रस्तुत सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाको विभिन्न मितिमा भएको लेखापढी बमोजिम चैनपुर प्राथमिक स्वास्थ्य केन्द्रका लागि आवश्यक पर्ने एम्वुलेन्सको राजश्व छुटका लागि कारबाही अगाडी बढि रहेको सन्दर्भमा प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर संखुवासभा नाममा रहेको को. १ झ. ४७५ को सरकारी एम्वुलेन्सको लगत कट्टा सम्बन्धमा प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अस्पताल व्यवस्था तथा सुदृढीकरण कोशी प्रदेश विराटनगरको च. नं. ४६ मिति २०८२।०४।९ मा श्री यातायत व्यवस्था कार्यालय सुनसरीमा एम्वुलेन्सको लगत कट्टा सम्बन्धमा सिफारिस गरिएको पत्र बमोजिम प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर संखुवासभाको नाममा रहेको को.१ झ. ४७५ एम्वुलेन्स १० वर्ष भन्दा बढी अवधि भएको र नवीकरण समेत नहुने अवस्था भई प्रयोग विहिन रहेको हुँदा उक्त एम्वुलेन्सको दर्ता खारेजी/लगत कट्टा गर्न यस कार्यालयबाट प्रतिनिधिको रुपमा श्री टंकबहादुर रोक्कालाई तोक्ने निर्णय गरियो ।

च. चैनपुर नगरपालिका वडा नं.-२ वडा कार्यालयबाट सरस्वती तामाङ र तेजकुमारी तामाङको संयुक्त नाममा दर्ता भएको कि नं १०५४ को क्षेत्रफल ५८० वर्गमिटर कृषि क्षेत्र भएकोमा आवासीय बनाउन सम्बन्धित निकायमा सिफारिस गर्ने साथै साविक सिद्धकाली-७ हाल चैनपुर नगरपालिका वडा नं. -२ मा जग्गा वर्गीकरण छुट भएको सिफारिस वडाबाट प्राप्त भएको हुँदा उक्त वर्गीकरणको लागि प्रक्रिया अगाडी बढाउन सिफारिस गर्ने निर्णय गरियो ।

छ. प्रस्तुत विषयमा चैनपुर नगरपालिका वडा नं.-४ र ७ मा वर्षाको कारण सडक अवरुद्ध भएकोले पहिरो पन्छाउन आवश्यक पर्ने ल.ई. बमोजिमको रकम विपद् व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

कृष्ण कुमार तामाङ
नगर प्रमुख

टिकाराम प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

कृष्ण कुमार तामाङ

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्याः- ३

मितिः- २०८२।०५।५ गते बिहीबार                                                  बैठक प्रारम्भः- विहान ७:३० बजे

ज. प्रस्तुत विषयमा चैनपुर नगरपालिका वडा नं.- ८ स्थित वानेश्वर आधारभूत विद्यालय दंगालीगाउँ विद्यालयलाई गगनचुम्वी आधारभूत विद्यालयमा गाभ्ने विषयमा दुवै विद्यालय व्यवस्थापन समिति बैठक हुदै नगर शिक्षा समितिवाट समेत सिफारिस भई आएको हुँदा वानेश्वर आधारभूत विद्यालय दंगालीगाउँलाई गगनचुम्वी आधारभूत विद्यालय अरुणथानमा गाभ्ने निर्णय गरियो ।

झ. प्रस्तुत विषयमा छलफल गर्दा गाईजात्रा पर्व २०८२ संचालन गर्न चैनपुर समाज सेवा युवा क्लवले प्रस्ताव सहित रकम माग गरेको हुँदा उक्त क्लवलाई गाईजात्रा पर्व खर्च वापत रु.१,१०,०००।एक लाख दश हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

ञ. चैनपुर नगरपालिका वडा नं.- ७ का वडाध्यक्ष श्री नरेन्द्र कार्की विगत लामो समय देखि क्यान्सर रोगबाट पिडित हुनु भएको र उपचारका लागि भरत भई रहनु परेकोले निज वडाध्यक्षलाई उपचार खर्च वापत आर्थिक सहायता रु.१,००,०००। एक लाख मात्र उपलब्ध गराउने निर्णय गरियो ।

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक विहान ९:५० बजे यही अन्त्य गरियो।

कृष्ण कुमार तामाङ
नगर प्रमुख

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।